# लेकम गाँउपालिका
# आर्थिक वर्ष २०८३/०८४
# बजेट तथा कार्यक्रम

यस लेकम गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनको गरिमामय सभामा उपस्थित लेकम गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लेकम गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यहरु, गाउँसभाका सदस्यज्यहरु, सुरक्षा निकायका प्रमुखज्यू तथा प्रतिनिधिज्यू, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, संचारकर्मी मित्रहरु, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण लेकम गाउँपालिकाका आदरणीय आमा-बुवा, दाजुभाई तथा दिदि बहिनीहरु,

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिम स्थानीय सरकार उपाध्यक्षको हैसियतले लेकम गाउँपालिकाको गरिमामय सभामा निर्वाचित भएर आइसके पछि आफ्नो दोस्रो कार्यकालको पाचौँ वार्षिक बजेट तथा कार्यक्रमको रुपमा लेकम गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को आय–व्यय अनुमान यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको स्थापना र सु-व्यवस्थाका लागि जनयुद्ध, जनआन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथै राजनीतिक, सामाजिक, आर्थिक परिवर्तनका नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै वुद्धिजीवी तथा अग्रज नेतृत्वगणहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

म यस गाँउ सभामार्फत स्थानीय तहको निर्वाचनबाट हामीलाई निर्वाचित गर्नुहुने आदरणीय लेकमवासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक आभार प्रकट गर्दछु र यहाँहरुले दिनुभएको जिम्मेवारीलाई इमान्दारीपूर्वक बहन गर्न बचनवद्धता प्रकट गर्दछु । लेकम गाँउपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा नेपालको संबिधान, प्रचलित कानून, आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रम समेतलाई आधार मानी तयार गरिएको छ । बजेट तर्जुमाका सिलसिलामा स्थानीय राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न संघसंस्था, विद्धतवर्ग, नागरिक समुदाय लगायत सबैबाट प्राप्त सुझाव समेतलाई ध्यान दिइएको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

लेकम गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको विश्लेषण सहित नीति तथा कार्यक्रम पेश भईसकेको सन्दर्भमा अब म यस सभा समक्ष चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमको कार्यान्वयन समीक्षा  संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

लेकम गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा कुल वार्षिक अनुमानित आय ४८ करोड ७९ लाख ७२ हजार ५ सय ९५ रुपैया अनुमान गरिएको थियो। २०८३ साल असार ९ गते सम्म कुल ४२ करोड १९ लाख ८८ हजार ३ सय ७० रुपैया मात्र आम्दानी भएको छ। जुन लक्ष्यको तुलनामा ८६.४७ प्रतिशत हुन आउछ।

चालु आर्थिक वर्ष २०८२।०८३ मा नेपाल सरकार समानीकरण अनुदानतर्फ ९ करोड ८० लाख अनुमानित आय रहेकोमा हालसम्म ८ करोड ९६ लाख २१ हजार आम्दानी भएको छ। नेपाल सरकार सशर्त अनुदान चालु तर्फ २१ करोड २६ लाख अनुमान गरिएकोमा हालसम्म २१ करोड २४ लाख १० हजार आम्दानी भएको छ। त्यसैगरी नेपाल सरकार सशर्त अनुदान पुजीगततर्फ ६ लाख अनुमान गरिएकोमा शत प्रतिशत आम्दानी भएको छ। नेपाल सरकार विशेष अनुदान चालु तर्फ १ करोड ६० लाख अनुमान गरिएकोमा ६८ लाख आम्दानी भएको छ। नेपाल सरकार समपूरक अनुदान पूजीगत तर्फ ४ करोड ४ लाख अनुमान गरिएकोमा  १ करोड त्रिहत्तर लाख ६५ हजार ९ सय ९३ आम्दानी भएको छ।

चा.लु. आ.व. मा सुदुर पश्चिम प्रदेश विशेष अनुदान चालुतर्फ ७५ लाख अनुमान गरिएकोमा २४ लाख २८ हजार १ सय ६८ रुपैया आम्दानी भएको छ। सुदुर पश्चिम प्रदेश समानीकरण अनुदानतर्फ ९४ लाख ८७ हजार अनुमान गरिएकोमा ९१ लाख आम्दानी भएको छ। सुदुर पश्चिम प्रदेश ससर्त अनुदान पूजीगत तर्फ ८० लाख अनुमान गरिएको शत प्रतिशत आम्दानी भएको छ।  सुदुर पश्चिम प्रदेश समपूरक अनुदान पूजीगततर्फ  १ करोड २६ लाख  अनुमान गरिएकोमा ६३ लाख ७० हजार आम्दानी भएको छ। राजस्व बाडफाड प्रदेश सरकारतर्फ १६ लाख ३८ हजार अनुमान गरिएकोमा ११ लाख ७० हजार आम्दानी गरिएको छ। राजस्व बाडफाड संघीय सरकारतर्फ ७ करोड १७ लाख ८३ हजार अनुमान गरिएकोमा ६ करोड ८३ लाख १७ हजार आम्दानी भएको छ। आन्तरिक स्रोत (आन्तरिक राजस्व तथा बजत गरी) तर्फ ९२ लाख ४६ हजार अनुमान गरिएकोमा ९८ लाख ६१ हजार ९ सय २२ आम्दानी भएकोछ।

खर्च तर्फ विश्लेषण गर्दा चालु आर्थिक वर्ष २०८२।८३ मा विनियोजित बजेट मध्ये २३ करोड ७३ लाख २९ हजार ९३ रुपैया अर्थात ६४.२८ प्रतिशत चालुतर्फ खर्च भएको छ र ५ करोड ६६ लाख २२ हजार ४ सय ३५ रुपैया अर्थात ४७.६७ प्रतिशत पूजिगत तर्फ खर्च भएको छ। हाल सम्म कुल बजेटमध्ये रु २९ करोड ३९ लाख ५१ हजार ५ सय २८ रुपैया  अर्थात ६०.२३ प्रतिशत कुल खर्च भएको छ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

- दीगो पहुँचयोग्य र गुणस्तरीय पूर्वाधार विकास,
- सूचना प्रविधिमा पहुँच, स्वरोजगरी र डिजिटल सुशासन प्रवर्द्धन,
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको पहुँच विस्तार,
- सामाजिक सुरक्षा तथा समावेशी विकास प्रवर्द्धन,
- कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पु–याउने विषयहरु,

**आदरणीय सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरि बजेट विनियोजन गरेको छु ।

## शिक्षा युवा तथा खेलकुद विकास तर्फ

- गाउँपालिका भित्रका सामुदायिक विद्यालहरुको शैक्षिक गुणस्तरका लागी कक्षागत नतिजा, सिकाइ उपलब्धी तथा शिक्षक-विद्यार्थी-अभिभावकहरु बीचको अन्तरसम्बन्ध लगायतका सूचक समेतको आधारमा कार्यविधि तर्जुमा गरी उत्कृष्ट विद्यालयलाई हौसला प्रदान गर्न र कमजोर विद्यालयलाई स्तर उकास्न एकमुष्ट अनुदानको लागी बजेटको प्रबन्ध गरेको छु ।
- बालबिकास केन्द्र सबलीकरण, स्मार्ट विद्यालय निर्माण तथा विद्यालयमा शैक्षिक सुशासन प्रवर्द्धन गर्न विद्यालय प्रशासनमा सुशासन स्थापना गर्न विद्युतिय हाजिरी लगायतका प्रविधिहरु जडानका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थानीय कृषि उत्पादनलाई प्रवर्द्धन गर्दै स्थानीय कृषि उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु ।
- "खेल खेलौं, स्वस्थ्य रहौं" भन्ने मूल नाराका साथ स्थानीय स्तर र जिल्ला स्तरमा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय तह देखि नै खेलकुदको विकास गर्न प्रत्येक विद्यालयमा आन्तरिक खेलकुद

प्रतियोगिता, वडागत खेलकुद प्रतियोगिता र पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्न पालिकाको साधन स्रोत प्रयोग गरी लाली खेलमैदानको स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

- शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यालयको भौतिक पूर्वाधार सुधार, शैक्षिक गुणस्तर अभिवृद्धि, छात्रवृत्ति तथा युवा र खेलकुद विकास कार्यक्रम सञ्चालनका लागि रु ४५ लाख विनियोजन गरेको छु ।

## स्वास्थ्य सेवा तर्फ

- आयुर्वेद तथा वैकल्पिक उपचार सेवाको प्रभावकारी सञ्चालन, आवश्यक औषधि तथा सामग्री व्यवस्थापन, स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन, योग तथा ध्यानसम्बन्धी गतिविधि विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण, औषधि तथा स्वास्थ्य सामग्री व्यवस्थापन, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूको सबलीकरण तथा प्रभावकारी व्यवस्थापन तथा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार सुधार गरी सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन बजेट विनियोजन गरेको छु ।
- समग्र स्वास्थ्य सेवा व्यवस्थापन र स्वास्थ्य पूर्वाधार विकासका लागि रु ३३ लाख विनियोजन गरेको छु ।

## कृषि पशु तथा सहकारी तर्फ

- कृषि सहकारी संस्थाहरुलाई उत्पादनमूलक तथा सेवामूलक सेवा प्रवाह गरि आधुनिकीकरण र आत्मनिर्भर बन्न मागका आधारमा अनुदान कार्यका लागि बजेट बिनियोजन गरेको छु ।
- पशुपन्छी तथा मत्स्य मेडिकल उपचार सेवा तथा कृषक घरदैलो उपचार सेवामा स्थानीय युवा, दक्ष जनशक्तिको समेत सहभागिता गराई थप प्रभावकारी बनाउन बजेट विनियोजन गरेको छु ।
- कृषि तथा पशु सेवा मार्फत उत्पादन वृद्धि, व्यावसायिक कृषि तथा पशुपालन प्रवर्द्धन, कृषक तथा पशुपालकलाई प्राविधिक सहयोग र अनुदान कार्यक्रम लगायत अन्य कृषिजन्य कार्यक्रम सञ्चालन गर्न रु ३३ लाख विनियोजन गरेको छु ।

## सामाजिक न्याय तथा समावेशीकरण तर्फ

- न्यायिक समितिको कार्यलाई व्यवस्थित तथा न्यायोचित बनाउन स्थापना भएका मेलमिलाप केन्द्रहरुको सबलीकरण मार्फत स्थानीय मेलमिलाप एबम् न्यायीक निरुपणका कार्यहरुमा सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

- एकल महिलाहरुको जिवन स्तरसुधार गर्न एकल महिला सिप विकास कार्यक्रम संचालनका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु।
- एकल पुरुषहरुलाई दिइदै आइरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।
- महिला सशक्तीकरण, बाल संरक्षण, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरि समावेशी सन्तुलित विकास तथा विविध प्रोत्साहन भत्ता निरन्तरताका लागि रु ३८ लाख ५० हजार विनियोजन गरेको छु।

**रोजगार तथा उद्यम विकास तर्फ**

- आन्तरिक रोजगार प्रर्वद्धन गर्ने उद्देश्यका साथ रोजगारी उन्मुख बिभिन्न सिप विकास तालिमहरु सञ्चालनका लागी आवश्यक बजेट विनियोजन गरेको छु।
- स्थानीय स्रोत, साधन र सीपको उपयोग गरी साना तथा घरेलु उद्योगको विकासमा टेवा पुऱ्याउने, स्वरोजगारका अवसर वृद्धि गर्ने तथा स्थानीय अर्थतन्त्रलाई सबल बनाउने लक्ष्यका साथ विभिन्न उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- युवाहरुको सुचना प्रविधिप्रतिको चासो र लगावलाई ध्यानमा राख्दै युवाहरुको लागि डिजिटल मार्केटिङ र AI सम्बन्धि तालिम संचालनका लागि बजेटको प्रबन्ध गरेको छु।
- समग्र रोजगार प्रवर्द्धन तथा उद्यम विकास एवम् विभिन्न सीपमूलक कार्यक्रम सञ्चालनका लागि २३ लाख ४७ हजार विनियोजन गरेको छु।

**भुमि, वन तथा वातावरण र विपद व्यवस्थापन तर्फ**

- विपदजन्य कार्य र राहत तथा पुर्नस्थापना जस्ता कार्यका लागी विपद व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु।
- लेकम गाउँपालिका भित्र रहेका भूमीहिन दलित, भुमीहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन प्रमाणिकरण तथा नाप नक्साको प्रक्रियालाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।
- भूमी व्यवस्थापन, वातावरण संरक्षण, जलवायु अनुकूलन, वृक्षारोपण तथा विपद् जोखिम न्यूनीकरण जस्ता कार्यक्रम सञ्चालन एवम राहत तथा उद्दारका लागि विपद व्यवस्थापन कोष लाई निरन्तरता दिदै रु १४ लाख विनियोजन गरेको छु।

**भौतिक पूर्वाधार विकास तर्फ**

- गाउँपालिका भित्र रहेका भौतिक पूर्वाधारको समयमा नै मर्मत सम्भार गरि लागत प्रभावकारिताका माध्यमले खर्च मितव्यायी र दीगो बनाउन बजेट विनियोजन गरेको छु।

- पालिकाको साधनस्रोत प्रयोग गरी रणनितिक सडक, कृषि सडक तथा सडक सुविधाबाट वञ्चित रहेका समुदायमा सडकको पहुँच पुगाउन, नयाँ ट्र्याक खोल्न तथा सडक मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका सडक, पुल, भवन, खानेपानी तथा सरसफाइलगायतका विकास निर्माण कार्यक्रम सञ्चालन गर्न प्रत्येक वडामा रु ३३ लाख गरी कुल १ करोड ९८ लाख बजेट विनियोजन गरेको छु ।
- सडक यातायातको आवश्यकता र नागरिकको मागलाई मध्यनजर गर्दै हाल प्रदेश सरकारको स्वामित्व रेहेको ऐरीछना धनथला सडकमा गाउँपालिकाको तर्फबाट थप रु ३० लाख बजेट विनियोजन गरेको छु ।
- समग्रमा गाउँपालिकाको भौतिक पूर्वाधार विकास तथा मर्मत सम्भार कार्यका लागी रु ३ करोड ३३ लाख विनियोजन गरेको छु ।

## सेवा प्रवाह र सुशासन तथा सूचना प्रविधी तर्फ

- समयसापेक्ष रुपमा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँपालिका भित्र कार्यरत करार कर्मचारी, सहजकर्ता शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई आ.व.२०८३।०८४ देखि लागु हुने गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- डिजिटल सेवा र गुनासो व्यवस्थापनमा समयसापेक्ष गर्न सुधार गर्न अनलाइन सेवा तथा डिजिटल प्रणाली विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- पालिकाले प्रदान गर्ने सेवा प्रवाहको सम्बन्धमा सरोकारवालाहरुको उपस्थितिमा नियमित सार्वजनिक सुनुवाईको आयोजना तथा गुनासो व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी बनाउन जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि विषयगत तालिम, अभिमुखीकरण, सीप विकास, अनुभव आदानप्रदान तथा नेतृत्व विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय**

लेकम गाउँपालिकाको नीति तथा कार्यक्रमलाई साकार पार्न आगामी आर्थिक वर्ष २०८३/८४ को लागि कूल रु ५४ करोड ६३ लाख ८३ हजार को अनुमानित वजेट तथा कार्यक्रम तयार गरिएको छ । यस अन्तर्गत लेकम गाउँपालिकाको संचित कोषमा जम्मा हुने आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका आम्दानीलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

| आयः | | ५४ करोड २४ लाख ८३ हजार |
|---|---|---|
| राजस्वः | | ८ करोड ६३ लाख ३२ हजार |
| १ | आन्तरिक राजस्व | ५० लाख |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त रकम सघ सरकार अन्त शुल्क | २ करोड २३ लाख ५७ हजार |
| ३ | राजस्व बाँडफाँडबाट प्राप्त रकम सघ सरकार मु.अ.क. | ५ करोड २१ लाख ६६ हजार |
| ४ | राजस्व बाँडफाँडबाट प्राप्त रकम प्रदेश सरकार | १८ लाख ०९ हजार |
| ५ | नगद मौज्दात | ८० लाख |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ४५ करोड ३१ लाख ५१ हजार |
| १ | संघिय सरकारबाट प्राप्त समानीकरण अनुदान | ९ करोड ९९ लाख |
| २ | संघिय सरकार सशर्त अनुदान चालु | २२ करोड २० लाख |
| ३ | संघिय सरकार सशर्त अनुदान पुँजिगत | ३३ लाख |
| ४ | नेपाल सरकार समपूरक अनुदान पुजिगत | २ करोड ४७ लाख |
| ५ | नेपाल सरकार विशेष अनुदान चालु | ५१ लाख |
| ६ | प्रदेश सरकार बिशेष अनुदान चालु | २५ लाख ५० हजार |
| ७ | प्रदेश सरकार शशर्त अनुदान पुजिगत | ७ करोड ७० लाख |
| ८ | प्रदेश सरकार शशर्त अनुदान चालु | ० |
| ९ | प्रदेश समपूरक अनुदान | ८६ लाख ६७ हजार |
| १० | प्रदेशसरकारबाट प्राप्त समानीकरण अनुदान | ९७ लाख ३४ हजार |

| | | |
|---|---|---|
| ११ | रोयल्टी वापत | १ लाख |
| १२ | घरजग्गा रजिष्ट्रेशन कर | १ लाख |

| **व्ययः** | | **५४ करोड २४ लाख ८३ हजार** |
|---|---|---|
| १ | चालु खर्च | १४ करोड १८ लाख ७७ हजार |
| २ | पुंजिगत खर्च | ४ करोड २४ लाख ४७ हजार |
| ३ | पूँजिगत खर्च शशर्त अनुदान संघ | ३३ लाख |
| ४ | शशर्त अनुदान पुजिगत तर्फ प्रदेश | ७ करोड ७० लाख |
| ५ | शशर्त अनुदान चालु तर्फ प्रदेश | ० |
| ६ | संघीय सरकार बिशेष अनुदान | ५१ लाख |
| ७ | संघीय सरकार समपुरक अनुदान | ३ करोड ८ लाख ७५ हजार |
| ८ | प्रदेश सरकार समपूरक | १ करोड ७३ लाख ३४ हजार |
| ९ | सशर्त अनुदान संघ | २२ करोड २० लाख |
| १० | विशेष अनुदान प्रदेश | २५ लाख ५० हजार |

अन्त्यमा,

यस लेकम गाउँपालिका गाउँसभाको १९ औँ अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरु, आर्थिक वर्ष २०८३।२०८४ का लागि तर्जुमा गरिएको लेकम गाउँपालिकाको बजेटको पूर्ण कार्यान्वयनमा यहाँहरु सबैको साथ, सहयोग र समन्वयको अपेक्षा सहित लेकम गाँउपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधी, विकास साझेदारहरु, विज्ञ सल्लाहकार समूहहरु, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघ संस्था सुरक्षाकर्मी, सञ्चारकर्मी, लेकमवासी, वुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यबाद

माधवी जोशी

उपाध्यक्ष

२०८३ असार १०, बुधबार